निर्णयहरुः

१. श्री गृह मन्त्रालय (विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखा) सिंहदरबार, काठमाडौं प.स.०८१।८२ च.न.५८ मिति २०८१।८।१३ को प्राप्त पत्रको व्यहोरा समितिको बैठकमा जानकारी गराईयो ।

२. यस जिल्लामा अत्याधिक चिसो बढेको छ । चिसो मौसमको कारणबाट हुन सक्ने जोखिमलाई मध्यनजर गरी आर्थिक रुपले विपन्न नागरिकलाई सुरक्षित जीवनयापन गर्न र संभावित जोखिम न्यूनीकरणका लागि यस जिल्लाका सबै स्थानीय तहले त्यस प्रकारका लक्षित समुदायलाई त्रिपाल, ब्ल्याङकेट, न्यानो कपडा तथा खाद्यान्न लगायतका राहत वितरणको आवश्यक व्यवस्था मिलाई पूर्व तयारी अवस्थामा रहने ।

३. अत्याधिक चिसो मौसमको कारण जोखिममा पर्न सक्ने अति विपन्न समुदाय, वस्ती, परिवारको पहिचान गरी पहिचान भएका समुदाय, वस्तीहरुमा रहेका व्यक्ति एवं परिवारहरु मध्ये पनि अति विपन्न, संकटापन्नहरु र चिसोको कारण जोखिममा पर्न सक्ने परिवारको सदस्य संख्या तथा घरमूलीको नाम समेत एकिन गरी त्यस्ता व्यक्ति तथा परिवारलाई जोखिम न्यूनीकरणका लागि अत्यावश्यक पर्ने राहत सामग्रीको व्यवस्थापन स्थानीय तहले मिलाउने । अन्य गैरसरकारी संस्था तथा दाताहरुबाट प्राप्त हुने राहत सामग्रीहरुको एकद्वार प्रणाली अनुरुप हुने गरी जिल्ला विपद् व्यवस्थापन समिति मार्फत वितरण गर्ने ।

४. कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिका परिवारलाई लुम्बिनी प्रदेश सरकारबाट क्षतिपूर्ति स्वरुप राहत रकम प्रति मृतक रु १ लाख का दरले बजेट विनियोजन भै आएकोमा ११ जना मृतकको राहत रकम उपलब्ध गराइएको र बाँकी रहेका मृतकको परिवारको हकवालालाई राहत रकम उपलब्ध गराउन सूचना संप्रेषण, कागजात संकलन गरी लाभग्राहीलाई उपस्थित गराइदिने कार्यमा स्थानीय तहले समन्वय गर्ने ।

५. मन्सुनजन्य विपदबाट प्रभावित घर परिवारलाई निजी आवास निर्माण गर्न रु ४ लाख रकम उपलब्ध गराउने सम्बन्धि मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम यस जिल्लाका २४ जना लाभग्राहीहरु पहिचान भै संम्झौता भएकोमा २२ जना लाभग्राहीलाई निजी भवन निर्माण गर्न पहिलो किस्ता स्वरुप रु ५०,०००/- का दरले रकम उपलब्ध गराईएको र दोस्रो किस्ताको रकम उपलब्ध गराउन नसकिएको एवं २ जना लाभग्राहीलाई तोकिएको मापदण्ड बमोजिमको कागजात प्राप्त हुन नसकेकोले पहिलो किस्ताको रकम उपलब्ध गराउन नसकिएको अवस्था छ । यो संम्झौता बमोजिम लाभग्राहीलाई रकम वितरण गर्न प्रदेश सरकार र स्थानीय तहबाट बजेट उपलब्ध भएको र संघीय सरकारबाट बजेट उपलब्ध नहुँदा संम्झौता बमोजिम भवन निमार्णको रकम उपलब्ध गराउन नसकिएको । यसैबिच हाल उक्त कार्यविधि खारेज भएको र नयाँ कार्यविधि तर्जुमाको क्रममा रहेको बुझिएकोले यथाशिघ्र कार्यविधि तर्जुमा गरी संम्झौता भए बमोजिम बजेट उपलब्ध गराउन नेपाल सरकार, गृह मन्त्रालय र नेपाल विपद् प्राधिकरणमा अनुरोध गर्ने ।

६. तानसेन नगरपालिकाको कार्यक्षेत्र भित्र पर्ने शहरी सडक अन्तर्गतको वडा नं. ५ कैलाश नगर (वडा नं. ३ अप्पु भिलेजदेखि ठिक माथि पट्टी बतासेडाँडा नजिक) को सडक मिति २०८१ साल असोज महिनाको ११ र १२ गते परेको अविरल बर्षातका कारण पहिरो गई १९ वटा घर टहरा सहितको बस्ती र बाटो कुनै पनि समय पहिरोको उच्च जोखिममा पर्न सक्ने हुंदा यथाशिघ्र मर्मत सम्भार गर्नुपर्ने देखिन्छ । उच्च जोखिमको कारण हाल उक्त बाटोमा सवारी साधन आवत जावत गर्न निषेध गरिएको छ । जोखिमलाई न्यूनिकरण गर्न उक्त बस्ती र सडक संरक्षणको कार्य संघीय सरकार/प्रदेश सरकारका सम्बद्ध निकायहरुसंग समन्वय गरी यथाशिघ्र निर्माण गर्न तानसेन नगरपालिकालाई अनुरोध गर्ने ।

२०८१।९।१९

७. जाडोमा आगो ताप्ने क्रममा मानिसका असावधानीका कारण घरगोठ र वनजंगलमा आगलागी भई जीउ, धन र पशुचौपायामा क्षति हुने, वन डढेलो बढ्दै गई नियन्त्रण गर्न हम्मे हम्मे पर्ने जस्ता विषयलाई दृष्टिगत गरी समयमै वन जंगलमा सुकेका पात पतिङ्गर हटाउने, अग्नी रेखा बनाउने, संचार माध्यमहरुबाट सचेतना फैलाउने, निरन्तर गस्ती तथा अनुगमन गर्ने, स्थानीय तहको समन्वयमा डाँडाकाँडाका अग्ला स्थानमा पोखरी खन्ने लगायतका आवश्यक व्यवस्थापन डिभिजन वन कार्यालयले मिलाउने । साथै आगलागी/वन डढेलोको प्रतिकार्यका लागि स्थानीय तहहरुको लागत साझेदारी हुने गरी दमकल खरिद गर्न र वडा स्तरमा निरन्तर पानी संकलन गरी राख्न पोखरी/पानीको स्रोत जम्मा हुने सुरक्षित स्थान (Safe place) को सम्भावनाको अध्ययन स्थानीय तहहरुले गर्ने ।

८. सडकका छेउछाउमा र विद्यालय जाने बाटोमा सुके ढलेका रुखका हाँगाहरुको कारण कुनै पनि समय हाँगा ढली मानवीय क्षती हुनसक्ने र यस्ता जोखिम न्यूनीकरण गर्ने विषयमा यस कार्यालयमा अनुरोध र गुनासाहरु समेत आउने हुँदा सुके ढलेका रुखका हाँगाहरु यथाशिघ्र समयमै कटान गर्न डिभिजन वन कार्यालयले अनुगमन गरी आवश्यक व्यवस्था मिलाउने ।

९. विपद्का समयमा एम्बुलेन्स, दमकलको अति आवश्यकता र महत्वपूर्ण भूमिका रहने हुँदा यससँग सम्बद्ध स्थानीय तह, सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले विपद्का समयमा एम्बुलेन्स र दमकल तत्कालै उपलब्ध हुने गरी मर्मत संभार गरी तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने । साथै गत बर्ष विपद्का घटनामा मुख्य गरी आगलागीका समयमा सुरक्षाकर्मी र दमकलका चालकहरु प्रतिकार्यका लागि खटिएका बिषय प्रशंसनिय रहेको छ । त्यसरी विपद्को समयमा परिचालित हुनुपर्ने अवस्थामा खाना खाजा लगायतको आवश्यक सहयोग सम्बन्धित स्थानीय तहले उपलब्ध गराउने ।

१०. सबै प्रकारका घटनाको पूर्व तयारी, खोजतलास, उद्धार र प्रतिकार्यका लागि जिल्ला स्थित ३ वटै सुरक्षा निकायका Quick Response Team, स्थानीय विपद व्यवस्थापन समिति, विपद् व्यवस्थापन संग सम्बद्ध सबै सरकारी कार्यालय तथा नेपाल रेडक्रस सोसाइटी, पाल्पा शाखा लगायत अन्य गैर सरकारी संस्थाहरु तयारी अवस्थामा रहने ।

११. सडक यातयातलाई चुस्त, दुरुस्त र सुरक्षित बनाउन तथा सडकको दिगोपना र गुणस्तर कायम गर्न निरन्तर सडक मर्मत सम्भार गर्ने, खाल्डाखुल्डी तुरुन्त पुर्ने, ठेक्का सम्झौता भई निर्माणधिन अवस्थाका सडक तथा पुलहरु तोकिएको समय, गुणस्तर, परिमाणमा यथाशिघ्र सम्पन्न गर्ने, ठेक्का सम्झौता अवस्थाका र गर्न बाँकी रहेका योजना/आयोजनाको यथाशिघ्र प्रकृया अगाडी बढाउन सम्बन्धित सडक कार्यालय/योजना/आयोजना कार्यालयले मिलाउने साथै ग्रामीण सडकको गुणस्तर र दिगोपना कायम राख्न स्थानीय तह र प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुले मिलाउने ।

१२. पछिल्लो समयमा बढीरहेको सवारी दुर्घटनाले धेरै धनजनको नोक्सानी भई रहेको हुंदा सवारी दुर्घटनालाई न्यूनीकरण गर्न सम्बन्धीत निकायले देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

क. सवारी साधनको सीट क्षमता भन्दा बढी यात्रु बोकेर गुड्ने, मालसामन बोक्नेले यात्रु बोक्ने र यात्रुवाहक सवारीमा मालसामान बोक्ने, सार्वजनिक सवारी साधनमा यात्रुलाई टिकट नलिई यात्रा गराउने, तिव्र गतिमा सवारी चलाउने गरेको गुनासा आउने गरेका छन् । नियमित रुपमा सवारी साधनको मर्मत संम्भार, यान्त्रिक स्थिति र स्वरुपको परिक्षण भए नभएको, सीट क्षमता भन्दा बढी यात्रु राखी चलाउन नदिने, मालवाहक सवारी ट्याक्टर, टिप्पर, ट्रक, पिकअपको पछाडी यात्रु बस्न र Over load हुन नदिने लगायत सवारी तथा यातायात सम्बन्धि प्रचलित कानूनमा उल्लङ्घन हुने गरेका विषयमा नेपाल प्रहरीले नियमित रुपमा चेकजाँचको व्यवस्था मिलाउने । साथै सवारी चालकले मादक पदार्थ र लागु पदार्थ सेवन गरी सवारी चलाउदा दुर्घटनाको सम्भावना र जोखिम बढी हुने भएकोले मादक पदार्थ र लागु पदार्थ सेवन गरे नगरेको नियमित र आकस्मिक रुपमा चेकजाँच गर्ने ।

ख. यात्रुको सुरक्षित यात्राका लागि सुरक्षित सडकको आवश्यकलाई मध्येनजर गरी डिभिजन सडक कार्यालय, यातायात व्यवस्था कार्यालय, जिल्ला ट्राफिक कार्यालय, यातायात व्यवसायी लगायत यससंग संवद्ध निकायले आपसी समन्वय गरी सवारी दुर्घटनाको जोखिम न्युनीकरणका लागि कार्ययोजना बनाई काम गर्ने ।

१३. कृषि ज्ञान केन्द्र, पाल्पाको च.नं. १८४ मिति २०८१।९।९ को पत्रबाट २०८१ साल असोज ११ र १२ गते परेको अविरल बर्षाको कारण बाढी, डुबान र पहिरोले बालीनालीमा क्षति भएका यस जिल्लाका कृषकहरुवाट पेश भएको बाली र जग्गाको विवरण सहितको निवेदन बमोजिम कृषि ज्ञान केन्द्र, पाल्पाले सम्बन्धित शिर्षकको बजेटको परिधीभित्र रही क्षति र आवश्यकताको आधारमा स्थलगत अवलोकन गरी कृषकहरुलाई बस्तुगत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१४. चालु आ.ब.२०८१/०८२ को श्रावण महिना देखि पौष ११ गतेसम्म जिल्ला विपद् व्यवस्थापन कोष मार्फत यस कार्यालयवाट भुक्तानी भएको संघीय सरकार तर्फको राहत रकम (आगलागी, बाढी पहिरो) १७ जनाको परिवारलाई रु.२,२३,०००/-, खोलाले बगाएर मृत्यु भएको १ जनाको परिवारलाई रु. २,००,०००/-, र प्रदेश सरकारबाट कोभिड -१९ बाट मृत्यु भएको ११ जनाको परिवारलाई राहत रकम रु ११,००,०००/- गरी जम्मा रु १५,२३,०००/- (पन्ध्र लाख तेइस हजार मात्र) खर्चको अनुमोदन गर्ने निर्णय गरियो ।

१५. विपदजन्य घटनामा व्यक्तिको घर नष्ट भै ठूलो धनजनको क्षति हुने तर राहत रकम रु. २०,०००।- अत्यन्त न्यून भएकोले घर संरचनामा भएको क्षति, पिडितको सामाजिक आर्थिक अवस्था, आयस्रोत समेतका आधारमा हाल दिई आएको राहत रकममा वृद्धि गरी न्यायोचित राहत रकम उपलब्ध गराउने गरी विपद् पीडित उद्धार र राहत सम्बन्धि (सातौं संशोधन) मापदण्ड, २०७७ मा संशोधन गर्न नेपाल सरकार, गृह मन्त्रालयमा अनुरोध गर्ने ।

२०८१।९।११